आज मिति २०७४।१२।५ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णयः-

नं. १ गाउपालिकालाई आवश्यक पर्ने निम्न कानुनहरु गाउसभाबाट पारित गर्नको लागी गाउसभामा पठाउने निर्णय गरियो ।

क. प्रशासकीय कार्यविधि ( नियमित गर्ने) विधेयक २०७४

ख. एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७४

ग. कृषि व्यवशाय प्रवर्द्धन विधेयक २०७४

घ. न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा वयवस्था गने बनेको विधेयक २०७४

ङ. स्थानीय सरकारबाट गरिने बजार अनुगमन निर्देशिका २०७४

च. गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७४

छ. शिक्षा नियमावली २०७४

ज. सहकारी विधेयक २०७४

झ. स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७४

ञ. सामाजिक सुरक्षा सम्बन्धि कार्यबिधि २०७४

ट. उद्योग,कम्पनी,फर्म दर्ता नवीकरण र सञ्चालन सम्बन्धी बिधेयक २०७४

ठ.बसोवास परिचयपत्र सम्बन्धी कार्यबिधि २०७४

ड.बन तथा बातावरण सम्बन्धी कार्यबिधि २०७४

ढ.कर,महसुल,दस्तुर,शुल्क,रोयल्टी सम्बन्धी बिधेयक २०७४

ण.उपभोक्ता हक संरक्षण सम्बन्धी कार्यबिधि २०७४

त.कर्मचारी सम्बन्धी कार्यबिधि २०७४

नं. २. कृषि तथा पशु विकास कार्यक्रम अन्तरगत विभिन्न शिर्षकमा किसानहरुलाई अनुदान उपलब्ध गराउनको लागी ३० दिने सूचना प्रकासित गरि द्रखास्त संकलन भई रहेकोमा म्याद भित्र परेका दरखास्तहरुको छानविन गरि अनुदान रकम उपलब्ध गराउन लागी गाउपालिकालाई सिफारिस गर्न निम्न व्यक्तिहरु भएको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क. वडा अध्यक्ष वडा नं. ८ श्री खुम बहादुर बस्नेत — संयोजक

ख. ,, ,, २ श्री मदन कुमार वली — सदस्य

ग. ,, ,, ७ श्री रामलखन थारु ,,

घ. गाउपालिका सदस्य श्री दमकला जैसी ,,

ङ. सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

नं. ३. गाउपालिकाकाबाट ठेक्का पट्टा द्वारा गरिने कामको लागी बोलपत्र खोल्ने तथा बोलपत्र मूल्याङ्कणको लागी निम्न बमोजिमको मूल्याङ्कण समिति गठन गर्ने निर्णय गरियो ।

इन्जिनियर श्री शरद कुमार अधिकारी संयोजक

सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य

लेखा शाखा प्रमुख सदस्य

नं. ४. वडाबाट संशोधन भई आएका कार्यक्रम तथा योजनाहरु गाउसभामा समर्थनको लागी प्रस्तुत गर्ने निर्णय गरियो ।

नं. ५. नेपालको संविधान को धारा २१७ को उपधारा १ बमोजिम गाउपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठन हुने न्यायिक समितिको सदस्यमा उपधारा २ बमोजिम गाउसभाबाट आफु मध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहने व्यवस्था भएकोले यस गाउपालिकाको न्यायिक समितिमा निम्न सदस्यहरुलाई मनोनयनका लागी गाउसभा सभामा पठाउने निर्णय गरियो ।

तपसिल

क) कमारो के.सी. गाउसभा सदस्य वडा नं. २

ख) तारादेवी वि.क. गाउसभा सदस्य वडा नं. ८

नं. ६. राप्ती सोनारी गाउपालिकाबाट आगामी आ.व. २०७५।०७६ मा प्राकृत श्रोत साधन उत्खनन् , संकलन तथा ओसार पसारको लागी आइ.इ.इ. गर्नु पर्ने भएकोले सो कार्यको लागी रु. १०,००,०००। दस लाख र गाउपालिकाको बस्तुगत विवरण तयार गर्ने कार्यको लागी रु.२०,००,०००। विस लाख बजेट परामर्श सेवा मा छुट्याइएको बजेट बाट खर्च गर्ने निर्णय गरियो ।

नं. ७ . स्वास्थ्य चौकी कुसुमको एम्वुलेन्स खरिदको लागी रु. ४,१०,०००। चार लाख दस हजार विनियोजन गर्ने निर्णय गरियो ।

नं. ८. यस गाउपालिका अन्तरगत वडा नं. ३ को सरस्वती मा.वि भवानीयापुरको आयोजनामा जिल्ला स्तरिय रणिङ सिल्ड प्रतियोतिगा हुने भएकोले सो कार्यक्रमको लागी रु. ६,००,०००। छ लाख दिने निर्णय गरियो ।

नं. ९. वडा नं. ६ को सिद्धेश्वर मा.वि.को स्वर्ण जयन्तिको कार्यक्रममा खर्च हुने गरि रु. ५००००। पचास हजार दिने निर्णय गरियो ।

नं. १०. यस गाउपालिकाको वडा नं. ७ को वडा कार्यालय वर्षाको समयमा सधै डुवानमा परि काम काज गर्न असुविधा भई रहेको र तला थप गरे केही सहज हुने भएको भनी उक्त वडा समितिबाट तला थपको लागी माग भई आएकोले तला थपको लागी स्टमेट बमोजिमको रु. २१,६५,०००। दिने निर्णय गरियो ।